# माध्यमिक शिक्षा पाठ्यक्रम, २०७७

## कक्षा ९-१०

**दिनियात**

(मद्रसातर्फ)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा **प्रविधि** मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# दीनीयात पाठ्यक्रम

**कक्षा : ९-१०** **विषय सङ्केत : कक्षा ( din 701) कक्षा १० ( din 702)**

**पाठ्यघण्टा : ५** **कार्यघण्टा : १६०**

## १. परिचय

इस्लामसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक आचरण तथा व्यवहार दीनीयातसँग सम्बन्धित विषयवस्तु हुन् । इस्लाम धर्मदर्शनमा यिनको मौलिक परम्परा र अभ्यास प्रचलनमा रहेको छ । अल्लाहको स्तुति र उपासना, अल्लाहको आदेश पालना, आदेश पालनका निम्ति ज्ञान र विश्वास जस्ता विषयक्षेत्र इस्लाम धर्म तथा दर्शनका मुख्य मुख्य विषयक्षेत्र हुन् । इस्लामको अनुयायीले मेलमिलाप, शान्ति, कुशलता, सहयोग, दान, सहकार्य, संरक्षण इत्यादि मानवीय गुणमा विशेष ध्यान दिई आचरणयुक्त व्यक्तित्व विकासमा विशेष रूपमा जोड दिएको हुन्छ । यसर्थ यसर्थ इस्लाम समुदायमा प्रयोग हुने कुरआन, हदिस, फिक्सलगायतका धार्मिक गन्थ र तिनको उपयोगसँग परिचित गराउने उद्देश्यका साथ कक्षा ९ र १० को दीनीयात विषयको पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यमिक तह (कक्षा ९ र १०) मा दीनीयात विषयको यस पाठ्यक्रममा भाषिक सिप तथा साहित्यिक पक्षसँग सम्बन्धितविषयवस्तुहरूलाई समावेश गरिएको छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा छ ।

इस्लाम धर्मदर्शनसम्बद्धकुरआन, हदिस, फिक्ससँग सम्बन्धित विषयक्षेत्र र तिनमा आधारित तह र स्तर सुहाउँदा विषयवस्तु समेटी तयार पारिएको यस विषयको पाठ्यक्रम विकास गर्दा विभिन्न समयमा सरोकारवाला, विषयविज्ञ र अभिभावकहरूले पाठ्यक्रम विकास केन्द्रमा दिएका राय सुझाव तथा सरसल्लाहलाई आत्मसात् गर्दै शिक्षा सिद्धान्तअनुरूप व्यवस्थितगरिएको छ । उक्त विषयवस्तु समायोजन गर्दा इस्लाम दर्शनका मूलभूत मूल्यमान्यतालाई विशेष रूपमा ध्यान दिँदै पाठ्यक्रमलाईसरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाउनुपर्ने पक्षलाई पनि विशेष ध्यान दिइएको छ । साथै उल्लिखित तथ्यलाई मनन गर्दै दीनीयात शिक्षा विषयलाई ७५ प्रतिशत अंश बाहय र २५ प्रतिशत अंश आन्तरिक मूल्याङ्कनमा आधारित हुने गरी सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गरिएको छ ।यस पाठ्यक्रमले सानै उमेरदेखि बालबालिकामा आफ्नो धर्म, संस्कृति र मर्यादाप्रति अभिरुचि वृद्धि गर्ने विषयक्षेत्रलाई समट्ने प्रयास गरेको छ । यसले इस्लामका आधारभूत आस्थाहरू, स्तम्भहरू तथा इस्लाम दर्शनका मूलभूत मूल्यमान्यतापरक अन्य पक्षहरूको बोध, अनुसरण र अभिव्यक्तिलाई विशेष प्राथमिकता दिने प्रयास गरेको छ ।

परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

**आधारभूत तह कक्षा ९-१० मा दीनीयात शिक्षा विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

१. सहर अल मुद्दस्सिर, सुरह अल कियामहलगायतका व्यवस्थाका आधारमा क्रियात्मक अभ्यास तथा समीक्षा

२. कुरआनको ऐतिहासिक पक्षको बोध तथा सुरक्षामा सहयोग

३. इस्लामका मुख्य मूल्यमान्यताको बोध र सोअनुसार व्यवहार प्रदर्शन

४. इस्लाम धर्म, संस्कृति र परम्पराको तुलनात्मक विश्लेषण र क्रिायत्मक अभ्यास

५. इस्लाम धर्मदर्शनअनुसार आचरण,धारणा निर्माण र प्रचारप्रसार

६. मेलमिलाप, शान्ति, कुशलता, सहयोग, दान, सहकार्य, संरक्षणजस्ता मानवीय गुणको पालना

७. मानव व्यवहार, पेसा र कर्ममा आधारित नीतिनियम, कर्तव्य र जिम्मेवारीको बोध र सोअनुसार व्यवहार प्रदर्शन

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा ९**

**माध्यमिक तह कक्षा ९ मा दीनीयातशिक्षा विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :**

१. सुरह अल मुद्दस्सिरको हाउभाउ, शुद्धता र गतिसहित सस्वर पठन गर्न

२. सुरह अल मुद्दस्सिरका मुख्य मुख्य विशेषता प्रस्तुत गर्न

३. सुरह अल मुद्दस्सिरका प्रमुख विषयवस्तुको छोटकरी वर्णन गर्न

४. कियामहमा निर्धारित विषयवस्तुको इस्लामी मान्यतानुरूप पढ्न

५. कियामहको मुख्य मुख्य विषयवस्तुको सूची निर्माण गर्न

६. कियामहमा निर्धारित विषयवस्तुको सङ्क्षेपमा व्याख्या गर्न

७. कुरआन लेखनका प्रमुख पक्ष प्रस्तुत गर्न

८. कुरआन सुरक्षाका बारेमा सङ्क्षिप्त जानकारी लिन र दिन

९. हदीसको सङ्क्षेपमा परिचय प्रस्तुत गर्न

१०. इमाम नव्वीको अल अर्बईनबाट १५ हदीस प्रस्तुत गर्न

११. अल अर्बईनका १५ हदीसका प्रमुख विषयवस्तु प्रस्तुत गर्न

१२. ईमाम नव्वीको अल अर्बईनबाट २५  हदीस प्रस्तुत गर्न

१३. को अल अर्बईनबाट २५  हदीसका प्रमुख विषयवस्तु प्रस्तुत गर्न

१४. हदीसको महत्त्व प्रस्तुत गर्न

१५. नमाज जुमा र नमाज ईदैन खुत्बाको साथको अभ्यास गर्न

१६. खेतीका बारेको अवधारणा तथा विधि बताउन

**कक्षा १०**

**माध्यमिक तह कक्षा १० मा दीनीयातशिक्षा विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :**

१. सुरह अलनुरको हाउभाउ, शुद्धता र गतिसहित सस्वर पठन गर्न
२. सुरह अल मुद्दस्सिरका मुख्य मुख्य विशेषता प्रस्तुत गर्न
३. सुरह अल मुद्दस्सिरका प्रमुख विषयवस्तुको छोटकरी वर्णन गर्न
४. अलजिन्नको हाउभाउ, शुद्धता र गतिसहित सस्वर पठन गर्न
५. अलजिन्नका मुख्य मुख्य विशेषता प्रस्तुत गर्न
६. अलजिन्नका प्रमुख विषयवस्तुको छोटकरी वर्णन गर्न
७. अल मुजम्मिलमा निर्धारित विषयवस्तुको इस्लामी मान्यतानुरूप पढ्न
८. अल मुजम्मिलको मुख्य मुख्य विषयवस्तुको सूची निर्माण गर्न
९. अल मुजम्मिलमा निर्धारित विषयवस्तुको सङ्क्षेपमा व्याख्या गर्न
१०. वहि तफसीर र मोफस्सिरमा निर्धारित विषयवस्तुको इस्लामी मान्यतानुरूप पढ्न
११. वहि तफसीरको मुख्य मुख्य विषयवस्तुको सूची निर्माण गर्न
१२. मोफस्सिरमा निर्धारित विषयवस्तुको सङ्क्षेपमा व्याख्या गर्न
१३. मोहद्दीस, रेवायत, रावी र मतनको छोटकरीमा परिचय दिन
१४. मोहद्दीस, रेवायत, रावी र मतनका प्रमुख विशेषतालाई तालिकामा प्रस्तुत गर्न
१५. किद्सीका प्रमुख विशेषतालाई तालिकामा प्रस्तुत गर्न
१६. तलाक तथा निकाहको आवश्यक र लिने वा दिने प्रक्रिया प्रस्तुत गर्न
१७. पहिरन, व्यापार र व्यवसायको विवरण बनाई प्रस्तुत गर्न

### ४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

<table>
<tr><td rowspan="2">क्र.सं.</td><td rowspan="2">एकाइ</td><td colspan="2">विषयवस्तु</td><td rowspan="2">कार्यघण्टा</td><td rowspan="2">पूर्णाङ्क</td></tr>
<tr><td>कक्षा ९</td><td>कक्षा १०</td></tr>
<tr><td>१</td><td>कुरआन</td><td>- सुरह अल मुद्दस्सिर<br>➢ तजबीजका साथ पढाइ<br>➢ शाने नुजुल<br>➢ जमान ए नुजुल<br>➢ मूल विषय<br>➢ अनुवाद र सङ्क्षिप्त व्याख्या<br>- सुरह अल कियामह<br>➢ तजबीजका साथ पढाइ<br>➢ शाने नुजुल<br>➢ जमान ए नुजुल<br>➢ मूल विषय<br>➢ अनुवाद र सङ्क्षिप्त व्याख्या<br>- कुरआन लेखन<br>- कुरआन सुरक्षाको उपायहरू<br>- कुरआनको सङ्क्षिप्त जानकारी</td><td>- सुरह अल-नुर<br>➢ तजबीजका साथ पढाइ<br>➢ शाने नुजुल<br>➢ जमान ए नुजुल<br>➢ मूल विषय<br>➢ अनुवाद र सङ्क्षिप्त व्याख्या<br>- सुरह अल जिन्न<br>➢ तजबीजको साथ पढाइ<br>➢ शाने नुजुल<br>➢ जमान ए नुजुल<br>➢ मूल विषय<br>➢ अनुवाद र सङ्क्षिप्त व्याख्या<br>- सुरह अल मुजम्मिल<br>➢ तजबीजको साथ पढनु<br>➢ शाने नुजुल<br>➢ जमान ए नुजुल<br>➢ मूल विषय<br>➢ अनुवाद र सङ्क्षिप्त व्याख्या<br>- वहि, तफसीर र मुफस्सिरको सङ्क्षिप्त परिचय<br>- कुरआनको विशेषताहरू</td><td>४८</td><td>२५</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हदिस | - इमाम नब्बीको जीवनी<br>- हदीस<br>- हदीसको महोव<br>- किसिम<br>- अल अर्बईन बाट २५ हदीस तथा ५ हदीस | - ईमाम नब्बीको अल अर्बइनबाट १५ र बुखारीको किताबुल इमान बाट १० हदीस, ५ हदीस<br>- हदीसे कुद्सी<br>- मोहद्दिस<br>- दिरायत<br>- रावी<br>- मतन | ४८ | २५ |
| ३ | फिक्ह | - नमाजे जुम्माको आदेश, महत्व र तरिका<br>- जुम्मा (कस माथि फर्ज छ र कस माथि फर्ज छैन ?)<br>- जुमाको समय<br>- जुमाको ठाउँ<br>- कम भन्दा कम संख्या<br>- जुमाको अजान<br>- जुमाको दिनको विशेषता र त्यो दिन गर्ने कार्य<br>- ईदुल फित्रको नमाज जुम्माको आदेश, महत्व र तरिका<br>- ईदैनको दिन गर्ने कार्य<br>- नमाजको ठाउँ<br>- ईदैनको तक्बीरहरू<br>- नमाजको समय<br>- ईदैनको नमाजको रकाअत र पढ्ने तरिका<br>- ईदुल अज्हाको<br>- ईदैन र जुम्माको खुत्बा<br>- हुदुद र ताजीरतको परिचय<br>- सदकतुल फित्रको बारेमा विस्तृत ज्ञान<br>- सद्कतुल फित्रको आदेश | - निकाहको आदेश, महोव<br>- निकाहको तरिका<br>- निकाहको खुत्बा<br>- महर किन, कसरी र कहिले<br>- निकाहको समयमा गर्ने र नगर्ने कार्यहरू<br>- तलाकका बारेमा विस्तृत जानकारी<br>- खोलाका बारेमा जानकारी<br>- खोला र उसको तरिका<br>- इद्दतको परिचय र किसिम<br>- खित्बबारे जानकारी<br>- बच्चाको दुध खाने उमेर र आमाबाहेक महिलाले दुध खुवाएमा इस्लामको नीतिनियमहरू<br>- पहिरनसम्बन्धी जानकारी<br>- सतरको मात्रा<br>- व्यवसाय र उसको किसिम<br>- व्यवसायको नितिनियम<br>- व्यवसायको सर्तहरू<br>- व्यापारीको किसिम<br>- सामूहिक व्यापार | ४८ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - सद्‌कतुल फित्रको हिक्मत<br>- सद्‌कतुल फित्र को माथि वाजिब छ<br>- सद्‌कतुल फित्रमा के दिने र कति दिने<br>- सद्‌कतुल फित्रको समय<br>- सद्‌कतुल फित्रको मसारिफ (खर्च गर्ने ठाउँ)<br>- कुर्बानी<br>- कुर्बानीको आदेश<br>- कुर्बानीको समय<br>- कुर्बानी गर्ने ठाउँ<br>- कुर्बानीको जनावर र शारिरिक अवस्था<br>- कुर्बानीको मासु<br>- कुरबानीको तरिका र दुआ<br>- खेतीबारीको महत्व<br>- आधी र ठिका र भाडाको नीति नियमहरू | | | |
| **आन्तरिक** अभ्यास | | | | ४० | २५ |
| जम्मा | | | | १६० | १०० |

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

| कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|
| विषयक्षेत्र | कार्यघण्टा | विषयक्षेत्र | कार्यघण्टा |
| इस्लाम धर्मदर्शनमा आधारित विविध सामुदायिक तथा सांस्कृतिक क्रियाकलाप सम्बन्धी परियोजना कार्य | १५ | इस्लाम धर्मदर्शनमा आधारित विविध सामुदायिक तथा सांस्कृतिक क्रियाकलाप सम्बन्धी परियोजना कार्य | १५ |
| इस्लाम धर्मदर्शनमा आधारित विविध क्रियात्मक अभ्यास | १५ | इस्लाम धर्मदर्शनमा आधारित विविध क्रियात्मक अभ्यास | १५ |
| धार्मिक तथा सांस्कृतिक विषयवस्तु, परिवेश आदिको मौखिक वर्णन | १० | सिकाइ, खोज तथा अनुसन्धानमा व्यक्तिगत, युगल र समूहगत लगायतका कार्यबाट कक्षागत सिकाइ सहभागिता | १० |
| जम्मा | ४० | जम्मा | ४० |

# ६. सिकाइ सहजीकरण प्रक्रिया

दीनीयात शिक्षा विषयले अल्लाह, इस्लाम दर्शन, परम्परा, आचरण सम्बद्ध विषयक्षेत्रमा अधारित भई समग्र व्यक्तित्व विकास, अनुशासित र सकारात्मक सोचलाई परिपुष्ट गर्नुका साथै सरल जीनवशैली अपनाउन प्रेरित गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः “गरेर सिक” (learing by doing) को सिद्धान्तअनुसार दीनीयात शिक्षा विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई धार्मिक गतिविधि तथा आचरण शिक्षामा केन्द्रित भई परियोजनाकार्य (project work)का रूपमा मस्जिद तथा अन्य सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामग्री सङ्कलन, अध्ययन तथा विश्लेषण, सिकाइलाई व्यवहारमा प्रदर्शन, सकारात्मक सोच र आचरणको अनुसरण जस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रश्नोत्तर विधि (ख) प्रदर्शन विधि (ग) समस्या समाधान विधि

(घ) अवलोकन विधि (ङ) छलफल विधि (च)प्रयोग विधि

(छ)परियोजना विधि

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई अध्यापक वा मौलानाद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइसक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ९ र १० को दीनीयात विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस क्रममा निर्माणात्मक मूल्याङ्कनअन्तर्गत सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनका आधारमा विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन, स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्नु सान्दर्भिक हुन्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

दीनीयात विषयमा कक्षा ९ र १० मा कूल भाषामध्ये २५ भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क्र.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता | ३ |
| २. | त्रैमासिक परीक्षाको मूल्याङ्कन | ६ |
| ३. | परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन तथा प्रतिवेदनको प्रस्तुति | १६ |
| जम्मा | | २५ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ९ र १० प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ९ र १० प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ ।

# विशिष्टीकरण तालिका, २०७७

दीनीयात शिक्षा

लिखित परीक्षा

कक्षा : १० पूर्णाङ्क : ७५

| क्र.सं | क्षेत्र | प्रश्नका प्रकार (अति छोटा, छोटा लामा) | ज्ञान % | | बोध % | | प्रयोग% | | उच्चदक्षता% | | जम्मा प्रश्न | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | | |
| 1 | कुरआन | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | ३ | ५ | - | - | ३ | १५ |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| 2 | हदिस | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | ३ | ५ | - | - | ३ | १५ |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| | फिक्क | अति छोटा | ३ | १ | ४ | १ | - | - | - | - | ७ | ७ |
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | १ | ५ |
| ३ | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| जम्मा | | | ५ | | ६ | | ८ | | ३ | | २२ | ७५ |

**द्रष्टव्य :**

१. प्रश्नपत्र निर्माण गर्दा ज्ञान र बोध तहका प्रश्न एउटा समूहमा समायोजन गरी उल्लिखित क्षेत्र र सङ्ख्यामा, प्रयोग तहका तोकिएका क्षेत्रबाट एक एक ओटा र कुनै दुई एकाइबाट एक एक ओटा गरी थप दुई प्रश्न र उच्च दक्षतामा तोकिएका क्षेत्रबाट थप एक प्रश्न सोध्नुपर्नेछ ।